# नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं
Central Committee
Federation of Nepali Journalists

मिति : २०७४।११।०६

## प्रेस विज्ञप्ति

समानुपातिक विज्ञापन प्रणाली लागू गर्न सम्मानित सर्वोच्च अदालतले सरकारका नाममा दिएको अन्तरिम आदेशको नेपाल पत्रकार महासंघ हार्दिक स्वागत गर्दछ । नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल नेपालले समानुपातिक विज्ञापन प्रणाली लागू गर्न सरकारका नाममा आदेश माग गर्दै दिएको रिट निवेदनमाथि २०७४ फागुन ६ गते प्रधानन्यायाधीश गोपाल पराजुलीको इजलासले अन्तरिम आदेश दिएको हो ।

साना लगानी तथा श्रमजीवी पत्रकारहरूले सञ्चालन गरेको स्वरोजगारमूलक सञ्चारमाध्यमको विकास र प्रवर्द्धनका लागि सरकारी विज्ञापनमा समानुपातिक पहुँच हुनुपर्दछ भन्ने मान्यता महासंघको छ ।

सर्वोच्च अदालतबाट भएको उक्त फैसला तत्काल कार्यान्वयन गर्न महासंघ सरकारसँग जोडदार माग गर्दछ । साथै, इजलासमा वहस गर्ने वरिष्ठ अधिवक्ता वोर्णबहादुर कार्की, अधिवक्ताहरू भक्ति घिमिरे, नवराज थपलिया र मनोज शर्माप्रति महासंघ धन्यवाद ज्ञापन गर्दछ ।

**रमेश विष्ट**
**महासचिव**

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org